## मिति २०७८/१२/०३ गते बसेको कार्यालय प्रमुखको बैठकका निर्णयहरु

१. मिति २०७८/११/०३ गते बसेको कार्यालय प्रमुखको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो। साथै कार्यान्वयन गर्न बाँकी कार्यहरु अविलम्व कार्यान्वयन गर्न जोड दिने निर्णय गरियो।

२. मिति २०७९/०१/३० गते हुने स्थानीय तह निर्वाचनलाई मध्यनजर गर्दै जिल्लास्थित कार्यलयहरुले निम्नानुसारको तयारी गर्ने।

   क. कार्यालयको चारपाङ्ग्रे सवारीसाधन मर्मत सम्भार गरी तयारी अवस्थामा राख्ने।

   ख. जिल्ला प्रशासन कार्यालय र जिल्ला निर्वाचन कार्यालय, झापाबाट माग भएको कर्मचारीको यथार्थपरक विवरण सवै कार्यालयले सफ्ट कपी सहित अविलम्व पठाउने।

   ग. स्थानीय तह निर्वाचनको लागि चैत्र १५ गतेबाट प्रयोग गर्न सकिने गरी सवै स्थानीय तहहरुले कार्यालयको कम्तिमा ३ वटा कोठा निर्वाचन प्रयोजनार्थ व्यवस्थापन गर्ने।

   घ. सवै पालिकाहरुले सम्बन्धित मतगणना स्थलको लागि सुरक्षित स्थानको छनौट गरी उक्त स्थानमा सि.सि. क्यामेरा जडानको व्यवस्था मिलाउने।

   ङ. म्यादी प्रहरीको मेडिकल जाँचको लागि छुट्टै कक्ष स्थापना गरी चेकजाँच गर्ने व्यवस्था जिल्ला प्रहरी कार्यालय र मेची अस्पतालले गर्ने।

३. आगलागीका घटना बढिरहेको हुनाले आगलागि न्यूनीकरणका लागि प्रत्येक स्थानीय तहले स्थानीय सञ्चार माध्यममा समेत सचेतनामूलक सन्देशहरु प्रशारण गर्ने/गराउने। साथै दमकल भएका पालिकाहरुले दमकललाई तयारी अवस्थामा राख्ने।

४. गृह मन्त्रालयको च.नं. १९७३ मिति २०७८/१२/०२ गतेको पत्रबाट जिल्लास्थित सरकारी कार्यालयहरुमा तोकिएका पदका तोकिएका कर्मचारी बाहेक पारिश्रमिक पाउने वा नपाउने कुनै पनि प्रकारका अनधिकृत व्यक्तिलाई काममा लगाउन र त्यस्ता व्यक्तिलाई कुनै प्रकारले कार्यालयको कम्प्यूटर, प्रविधि, अन्य श्रेस्ता/अभिलेख वा जिन्सी सामग्रीमा पहुँच निषेध गर्न लेखि आएको हुँदा उक्त निर्देशन सवै सरकारी कार्यालयले कार्यान्वयन गर्ने/गराउने।

५. २०७८ साल कात्तिक महिनामा आएको बेमौसमी वर्षादका कारणले धान बालीमा पुगेको क्षतिको यथार्थ विवरण हालसम्म पनि कमल र झापा गाउँपालिकाबाट सिफारिस भई नआएकोले यथाशिघ्र सिफारिस गरी पठाउन अनुरोध गर्ने र राहत रकम निर्धारण समितिले सिफारिस गरी दावी विरोधका लागि सूचना प्रकाशन गरी सो समय समाप्त भए पश्चात् तत्कालै कृषि ज्ञान केन्द्र, झापामा परेको उजुरी संलग्न गरी यस कार्यालयमा पेश गर्न अनुरोध गर्ने।